# बोलपत्र आव्हान

**(Invitation for Bids)**

**चुनढुङ्गा ढुवानी गर्ने कार्यको बोलपत्र आव्हानको सूचना**

## बोलपत्र नं. ४०-१/०७५-७६

(गोरखापत्र  दैनिकमा प्रथम पटक प्रकाशित मिति २०७५/१०/२६ )

उद्योगको सिंधाली स्थित चुनढुङ्गा खानी वेन्चवाट उद्योगको साधनवाट लोडिङ्ग हुने गरी सो वेन्च देखि प्राईमरी क्रसर (करिब ३ कि.मि.वरीपरीबाट) सम्म ५०,००० (पचास हजार मात्र) मे.टन चुनढुङ्गा ढुवानी गर्ने कार्यहरुको ठेक्का बोलपत्रद्वारा गराउनु पर्ने भएको हुदा नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक निर्माण/ढुवानी व्यवसायीहरुबाट रीतपूर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१. बोलपत्र प्रथम पटक प्रकाशित मितिले तोकिएको दिन भित्र कार्यालय समयमा नोटरी पव्लिक वाट प्रमाणित नविकरण भएको ईजाजतपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र, आ.व.२०७३/७४ को कर चुक्ता प्रमाणपत्र र अन्य ठेक्का तथा निर्माण कार्यसंग संबन्धित अनुभव सम्बन्धी कागजात सहितको प्रमाणित प्रतिलिपीहरु संलग्न राखि निवेदन साथ तोकिएको दस्तुर फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।

२. बोलपत्र कागजातहरु अध्ययन गरी उल्लेखित सबै विवरणहरु अनिवार्य रुपमा प्रष्टसंग भरी सम्बन्धित निर्माण/ढुवानी व्यवसायी वा तोकिएको आधिकारिक प्रतिनिधीले बोलपत्र संबन्धी कागजातको प्रत्येक पानामा दस्तखत र फर्मको छाप लगाई खाममा शिलबन्दी गरी खाम बाहिर स्पष्ट संग फर्मको नाम ,ठेगाना र सम्पर्क टेलिफोन नम्बर तथा कामको नाम समेत लेखि तोकिएको ३० औं दिनको अपरान्ह १३:०० वजे सम्म बोलपत्र फारम खरिद गरी १४:०० बजे यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । यसरी दाखिला भएका शिलबन्दी बोलपत्र फारम सोही दिनको १५.०० बजे उपस्थित बोलपत्रदाता तथा निजको आधिकारीक प्रतिनिधीको रोहबरमा खोलिने छ । बोलपत्रदाता तथा निजको आधिकारीक प्रतिनिधीहरु अनुपस्थित रहेमा शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. शिलबन्दी बोलपत्रसाथ आफुले कबोल गरेको अंकको २.५% प्रतिशतले हुने बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन मान्य अवधि भएको कुनै (क) वर्गको बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको  बैंक जमानीपत्र (Bid Bond) वा यस कार्यालयको नाममा रहेको रा.वा. बैंक, शाखा कार्यालय, गाईघाटस्थित च.हि.नं. २०९०००० ५३६०१ वा सनराईज बैंक लि जलजलेको च.हि.नं. ०२९१००९६४३००१२ वा ग्लोवल आईएमई बैंक लि. गाईघाटस्थित च.हि.नं. २२०१०१००००१६७ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर  पेश गर्नु पर्ने छ ।

४. बोलपत्रदाताको ग्राहयता प्रमाणित गर्ने निम्न कागजातहरु शिलबन्दि बोलपत्र फारम साथ अनिवार्य पेश गर्नु पर्ने छ :-
   - ❖ फर्म वा कम्पनी दर्ताको प्रमाणपत्र ।
   - ❖ व्यवसाय दर्ताको ईजाजत पत्र (नविकरण सहित) ।
   - ❖ स्थायी लेखा नम्बर (PAN) र मूल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्र ।
   - ❖ कर चुक्ता गरेको प्रमाण पत्र वा कर विवरण पेश गरेको कागजात ।
   - ❖ बोलपत्रदाता आफु वा हिस्सेदार वा आफनो प्रतिनिधि कुनै पनि बोलपत्र तथा ठेक्कापट्टा गर्न प्रचलित कानून बमोजिम अयोग्य नभएको लिखितरुपमा घोषणा गरेको कागजात ।

५. कार्यालयबाट प्रमाणित बोलपत्र पुस्तिकामा बोलपत्र निशर्त, केरमेट नभएको कुनै थप घट वा द्रष्टव्य नलेखिएको हुनु पर्ने छ । रित नपुगेको,शिलबन्दी भई नआएको, समय भित्र प्राप्त नभएको, सूचनाको शर्त विपरित र उल्लेखित लागत अनुमान भन्दा बढी भएको बोलपत्र मान्य हुने छैन ।

६. बोलपत्र भर्दा मूल्य अभिबृद्धी कर बाहेकको दररेट दर बिश्लेषण गरी स्पष्टरुपमा अंक र अक्षर दुवैमा अनिवार्य भर्नु  पर्ने छ । अंक र अक्षरमा फरक पर्न आएमा अक्षरलाई मान्यता दिईने छ । बोलपत्र दाताले गर्नु पर्ने काम राम्रो संग बुझि दररेट भरेको मानिने छ ।

७. बोलपत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सोही समय भित्र खरिद तथा दाखिला गर्न सकिने छ ।

८. जुन फर्मको नामबाट बोलपत्र खरिद गरिएको हो सोही फर्मको नामबाट मात्र बोलपत्र दखिला गर्नु पर्ने छ ।

९. बोलपत्रसाथ पेश गरेको प्रतिलिपी कागजातहरु आवश्यक परेमा सक्कलै माग गरी जाँचिने छ । नक्कली कागजात प्रस्तुत गरेको पाईएमा निज बोलपत्रदाताको बोलपत्र रद्द गरी सो फर्मलाई कालो सुचीमा राखिने छ र सोको लिखित जानकारी संबन्धित निकाय सबैमा दिईने छ ।

१०. बोलपत्र आंशिक वा पुर्ण वा दुवै स्वीकार गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस उद्योगमा हुनेछ ।

११. बोलपत्र संबन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

## शिलबन्दी बोलपत्रको विवरण

| सि नं | ठेक्का नं. | कामको विवरण | बोलपत्र फारम दस्तुर | बैक जमानीपत्र म्याद दिन | बोलपत्र खरिद मिति दिन | बोलपत्र दर्ता मिति दिन |
|---|---|---|---|---|---|---|
| १. | ४०-१/०७५/७६ | ५०,००० (पचास हजार) मे.टन चुनढुङ्गा ढुवानी गर्ने कार्य | ३,०००।- | १२० | ३० | ३० |